# पाठ ११

# लक्ष्मीपूजा

गोविन्दबहादुर मल्ल 'गोठाले'

**शब्दार्थ**

| | |
|---|---|
| खुब | : धेरै |
| दिल | : मन, चित्त |
| सूचित | : थाहा दिइएको, सूचना भएको |
| उत्सुक | : कुनै कामकुरो गर्न इच्छा भएको |
| उल्लास | : आनन्द, हर्ष |
| तमाखु | : डाँठसहित पात कुटेर धुलो बनाइएको सुर्ती, सुर्तीलाई मसिनो पारी खुँदोमा पकाइएको वस्तु |
| बेमज्जा | : नरमाइलो, आनन्द नहुने स्थिति |
| रबाफ | : फुर्ती, धाक, तडकभडक |
| ईर्ष्या | : डाह |
| नासमझ | : जान्ने बुझ्ने शक्ति नभएको, मूर्ख |
| सेखी | : घमन्ड, तुजुक |
| युक्ति | : उपाय, तरिका |
| आभा | : प्रकाश, चमक, प्रतिबिम्ब |
| मान | : इज्जत, सम्मान |
| खाल | : जुवा खेलमा कौडा हान्ने ठाउँ |
| टन्टा | : झन्झट, अनावश्यक कामको बोझ |
| कौडी | : थोरै मूल्यको पैसा, जुवा खेलमा प्रयोग गरिने गोटी (कौडा) |
| कोलाहल | : आपद् विपद्का बेला निस्कने आवाज |
| वाक्पटु | : कुरा गर्न सिपालु |
| जितौरी | : जितेको खुसियालीमा जित्नेले बाँड्ने पैसा आदि, जिताउरी |
| उपेक्षा | : कसैप्रति ध्यान नदिने काम, बेवास्ता, लापर्बाही |
| गम्भीर | : धेरै गहिरो, शान्त, गहन, जटिल |
| बुझो | : मुख वा प्वाल टाल्ने वस्तु, ठेडी, बुजो |
| पञ्चक | : एकै प्रकारका पाँच वस्तुको समुदाय, काग तिहारदेखि भाइटीकासम्मका पाँच दिन |
| उत्फुल्ल | : खुसी भएको, प्रसन्न, राम्रोसँग फुलेको |
| प्यार | : प्रेम, माया |
| निहारिरहिन् | : गहिरेर हेरिरहिन् |
| टुकी | : मटितेल हालेर बालिने सानो खालको बत्ती |
| कालकोठरी | : झ्यालखानाभित्रको अँध्यारो कोठा, कुनै साँगुरो अँध्यारो ठाउँ |
| ढक्की | : चोया आदिले बुनेको फलफुल आदि राख्ने मुख खुला भएको जस्तो भाँडो |
| मग्न | : कुनै विषय वा चिन्तनमा डुबेको, मस्त |
| स्मृति | : सम्झना, हेक्का |
| सरजाम | : सामान |
| छुकी | : लच्छिनको, भाग्यमानी |
| ताजगी | : सफा, राम्रो, भर्खरको |
| लक्कु | : एकमाथि अर्को गर्दै खप्टिएर राखिएका सिक्का वा रुपियाँको चाङ |

puspas.com.np

puspas.com.np

| | |
|---|---|
| असीम | : सीमा नभएको, धेरै |
| हलवाई | : मिठाई बेच्ने पसले |
| बखत | : समय, बेला, मौका |
| अनभरी | : अल्मलिनु |
| मुस्कुराहट | : मुसुक्क हाँस्ने काम |
| स्तम्भित | : जिल्ल परेको, वाल्ल परेको |
| निर्दोषपूर्ण | : दोष नभएको |
| निस्तब्ध | : सुनसान, चकमन्न |
| अन्तस्करण | : भित्री मनदेखिको |
| ख्याक | : सहरका पुराना र ठुला घरका अँध्यारा कुनामा बस्ने र तर्साउने भनिएको भूत |
| दलिन | : घरको तलो छाप्नका लागि निदालमा तेर्स्याएर राखेका लामा काठ |
| स्फूर्ति | : जाँगर, फुर्ती |
| व्यथित | : दु:खी |
| नि:श्वास | : लामो लामो सुस्केरा |
| गोलमाल | : जथाभावी, तलमाथि, काम कुरामा भएको गडबडी |
| आच्छादित | : ढाकिएको, छोपिएको |
| लङ्गुरबुर्जा | : सुरथ, पान, इँट, चिड आदिका बुट्टा काटिएका गट्टीहरूबाट खेलिने एक प्रकारको खेल |
| कल्याङमल्याङ | : धेरै मानिस एकै पटक बोलिने आवाज, हल्लाखल्ला |
| दीप | : बत्ती, दियो |
| पालचा | : माटाको सानो कचौरो |
| मिहिन | : मसिनो, कमलो |
| किचिमिची | : किचिएको |

## अभ्यास

पेज ११०

### सुनाइ

**१. पाठका सुरुका छ ओटा अनुच्छेद सुन्नुहोस् र लाल, मान र प्रेमको कुराकानीको सार बताउनुहोस् ।**

**उत्तर:** लाल, मान र प्रेमको कुराकानीबाट तिहारको रमझम सुरु भएको देखिन्छ । सबैले आफ्नो घर परिवारको बढाइँ चढाइँ गरेर कुरा गरेका छन् । यहाँ बालमनोविज्ञानलाई सरल रूपमा प्रकट गरिएको छ । यहाँ आएका लाल, मान र प्रेमका कुराकानीबाट समाजमा आर्थिक असमानता, भेदभाव रहेको स्पष्ट हुन्छ । त्यस्तै धनीले गरिबलाई हेपेर धनको तुजुक देखाउने प्रवृत्ति पनि विद्यमान रहेको स्पष्ट हुन्छ ।

**२. पाठको ७७ औं अनुच्छेद सुन्नुहोस् र मानिसहरू के-के गरिरहेका थिए, वर्णन गर्नुहोस् ।**

**उत्तर:** मानिसहरू कोही मारा मारा भनिरहेका थिए । कोही खल्तीमा रुपियाँ राखेर सुइँसुइँ चुरोट तान्दै छिटो-छिटो हिँडिरहेका थिए । कोही लामो मुख लगाएर खल्ती टकटक्याउँदै लुरुलुरु हिँडिरहेका थिए ।

pdspas.com.np

**३. पाठको ७८ औं अनुच्छेदको श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: पाठको ७८ औं अनुच्छेद कक्षामा शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्न कोसिस गर्ने ।

## बोलाइ

**४. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

**रबाफ, नासमझ, टन्टा, वाक्पटु, उपेक्षा, पञ्चक, उत्फुल्ल, मुस्कुराहट, स्तम्भित, निस्तब्ध, अन्तस्करण, स्फूर्ति, नि:श्वास, आच्छादित, लङ्गुरबुर्जा, कल्याङ्मल्याङ, दीप, मिहिन**

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

**५. किन लालकी आमाले लक्ष्मीपूजाका सामान र मिठाई नकिनेकी हुन्, बताउनुहोस् ।**

उत्तर: लालकी आमा गरिब परिवारकी एकल महिला हुन् । उनले श्रम गरेर छोरो काललाई हुर्काउँदै आएकी छन् । अर्काको घरमा गएर श्रम नगरे उनका घरमा चुलो बल्दैन । उनी पन्ध्र दिनदेखि बिरामी भएर थला परेकी छन् । गरिबी र कुनै प्रकारको कमाइ गर्न नसकेको र बिरामी समेत परेकी हुँदा लालकी आमाले लक्ष्मीपूजाका सामान र मिठाई नकिनेकी हुन् ।

**६. जुवा, तास जस्ता पैसा हानमार हुने खेल खेल्नु हुन्न भन्ने विषयमा कक्षामा छलफल गर्नुहोस् र छलफलको निष्कर्षलाई कक्षामा सुनाउनुहोस् ।**

उत्तर: जुवा तास जस्ता पैसा हारमार हुने खेल खेल्नुहुन्न भन्ने विषयमा कक्षाका विद्यार्थीले समूह बनाई छलफल गर्ने र छलफलको निष्कर्ष प्रस्तुत गर्ने । जस्तै: जुवा, तास खेल्दा पैसा चाहिन्छ । पैसा विना जुवा, तास खेलिँदैन । यसमा पैसाको हारमार हुन्छ । जुवा, तास खेल्नाले समाजमा विकृति आउँछ । पैसा हार्नेको उठीबास हुन्छ भने जित्ने मात्तिन्छ । यसबाट कसैलाई फाइदा हुन्न । त्यसैले समाजमा प्रचलित भनाइ पनि छ, 'नखेल जुवा र तास धनको नाश ज्युज्यानको वनवास' दुर्गति निम्त्याउँने हुनाले जुवा र तास जस्ता पैसा हारमार गर्ने खेल खेल्ने कार्यबाट टाढै रहनु राम्रो मानिन्छ ।

## पढाइ

**७. पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।**

उत्तर: पाठका अनुच्छेद विद्यार्थीले पालैपालो सस्वर वाचन गर्ने ।

**८. पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र त्यसपछि के भयो होला ? अनुमान गरी लेख्नुहोस् ।**

उत्तर: लालले लक्ष्मीको पूजा गरिसकेपछि लामो सास फेऱ्यो होला । त्यसपछि टीका, फुल आमालाई दिने काम गऱ्यो होला र आफूले पनि लगायो होला । त्यहाँ चढाइएको प्रसाद पनि खायो होला । आमालाई "मैले जे गरे पनि नरिसाउनु होला । अब आइन्दा म यस्तो काम गर्ने छैन । ठूलो भएपछि आफैं कमाएर ल्याई सानसँग पुजा गर्छु है आमा ?" भन्दै सम्झायो होला । उसलाई लखट्दै आउने केटाहरू कराउँदै आआफ्नो बाटो लागे होला ।

**९. तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*केही दिनमा शिव मन्दिर बन्यो । कैलेले बनाएको कलात्मक शिव मूर्तिको सबैले प्रशंसा गरे । मन्दिरका कारण त्यस क्षेत्रकै नाम शिवघाट राखियो । मन्दिरको सँघारको एक छेउमा शिव पार्वतीका निर्माता कैले कामी लेखियो । एक दिन कैले शिव मन्दिरमा पस्न लागेका थिए, एक जना रैथाने कुर्लिहाले । "ऐ कैले कामी, अछुतको मन्दिर हो यो ? पानी नचल्ने जात जान्ने भएर यहाँ पस्न खोज्ने ?" कैले*

pustak.com.np

*छाँगाबाट खसेजस्तो भयो । आँखाको अगाडि तोरीको फूल देखे र कराउन थाले, "यो मैले बनाको मूर्ति हो । यहाँ मेरो सिप छ, श्रम छ, सृष्टि छ, पसिना पोतिएको छ ।" त्यहाँ हुने कसैले पनि कैलेको कुरालाई ध्यान दिएनन् बरु कैले कामीले मन्दिर छोयो भनेर कोलाहल मच्चाउन थाले । मेलाका मान्छे कैलेतिर ओइरिए । ... कैलेले मुस्किलले फुत्किएर ज्यान जोगाए । (रणेन्द्र बराली : दलितको दैलो)*

**(क) शिव मन्दिर कसले बनाएको हो ?**

उत्तर: शिव मन्दिर कैलेले बनाएको हो ।

**(ख) शिवमूर्ति कस्तो छ ?**

उत्तर: शिवमूर्ति कलात्मक किसिमको छ ।

**(ग) मन्दिरको सँघारको एक छेउमा के लेखियो ?**

उत्तर: मन्दिरको सँघारको एक छेउमा शिव पार्वतीका निर्माता कैले कामी लेखियो ।

**(घ) कैले कामी किन कराउन थाले ?**

उत्तर: कैले कामी शिव पार्वतीको मूर्ति आफूले बनाएको र त्यसमा आफ्नो सिप, स्मृति तथा पसिना पोतिएको छ भनी कराउन थाले ।

**(ङ) 'छाँगाबाट खसे जस्तो हुनु' र तोरीको फुल देख्नु' को अर्थ के-के हो ?**

उत्तर: छाँगाबाट खसेजस्तो हुनुको अर्थ नपत्याउने कुरा हुनु र 'तोरीको' फुल देख्नुको अर्थ असहय पीडाद्वारा मर्माहत हुनु हो ।

**(च) तलका शब्दबाट धातु छुट्याउनुहोस् :**

**कुर्लिहाले, खोज्ने, भए, देखे, कराउन, थाले, दिए, छोयो, मच्चाउन, ओइरिए, फुत्किएर, जोगाए**

उत्तर:
कुर्लिहाले - कुर्लिहाल्
खोज्ने - खोज्
भए - हु
देखे - देख्
कराउन - कराउ
थाले - थाल्
दिए - दि
छोयो - छु
मच्चाउन - मच्चाउ
ओइरिए - ओइरि
फुत्किएर - फुत्कि
जोगाए - ज़ोगाउ

## लेखाइ

**११. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

**सूचित, उत्सुक, आभा, टन्टा, वाक्पटु, उत्फुल्ल, स्मृति, असीम, आच्छादित, दीप**

उत्तर:
सूचित : भोलि विद्यालय बन्द हुने कुरा सबैलाई सूचित गरिन्छ ।
उत्सुक : हामी सभामा नेताको भाषण सुन्न उत्सुक थियौं ।
आभा : वनजङ्गलको आभाले त्यो गाउँ पनि सुन्दर देखियो ।
टन्टा : राजकुमारले दोस्रो बिहे गरेर टन्टा बेसायो ।

puspas.com.np

वाक्पटु : प्राय: वकिलहरू वाक्पटु हुने गर्छन् ।
उत्फुल्ल : आमाको सहर जाने कुरा सुनेर म उत्फुल्ल भएँ ।
स्मृति : काठमाडौं जाँदै गर्दा म आफ्नै गाउँको स्मृतिमा डुबेको थिएँ ।
असीम : माधव घिमिरेका कविता पढ्दा मलाई असीम आनन्दको अनुभूति हुन्छ ।
आच्छादित : मेघले आच्छादित हिमाल देखेर पर्यटकहरू खुबै रमाए ।
दीप : मैले दीप बालेर लक्ष्मीको पूजा गरें ।

१२. **पाठको ८१ औं देखि ८५ औं सम्मका अनुच्छेदहरू श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: पाठका ८१ औं देखि ८५ औं सम्मका अनुच्छेदहरू शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

१३. **पाठका आधारमा तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) **लाल, मान र प्रेमले कुन-कुन विषयमा कुराकानी गरे ?**

उत्तर: लक्ष्मीपूजाको अघिल्लो दिन लाल, मान र प्रेमले आपसमा उत्सुकताका साथ दिल खोलेर कुराकानी गरे । कोही गरिब र कोही धनीका छोरा भए पनि सबैमा तिहारको उत्सुकताको भाव झल्किरहेको थियो । यस्तो बेला लाल, मान र प्रेमले लक्ष्मीपूजाका लागि उखु, केरा, पूजा सामान, मिठाई किनेर ल्याउने कुरा गरे । उनीहरूका कुरा गराइबाट जतातती लक्ष्मीपूजाको सामग्री जम्मा गर्ने, पैसा नहुनेले मन खुम्च्याउनुपर्ने अवस्था पनि देखिन्छ । यस्तै लक्ष्मीपूजा र भाइपूजामा रमाइलो हुने कुरा पनि उनीहरूले गरे ।

(ख) **लक्ष्मीपूजाका दिन सबैतिर रमाइलो भइरहँदा पनि लाल र उनकी आमा भने किन खुसी भएनन् ?**

उत्तर: लक्ष्मीपूजाका दिन सबैका घर घरमा बत्ती बालिएको थियो । सबै मानिसहरू लक्ष्मीको पूजा गर्न फल, फुल, मिठाई आदि सामान जुटाएर धुमधामसँग मनाइरहेका थिए । जुवा, तासमा जम्ने मानिसहरूको हल्ला पनि त्यतिकै चर्को रूपमा सुनिन्थ्यो । लालका आफ्ना साथीहरूका घरमा पनि धुमधाम लक्ष्मीपूजा भइरहेको थियो । आमाले सिपाही दाइले सामान ल्याएपछि लक्ष्मीपूजा गरौंला भन्ने आश समाप्त भएको थियो । लालकी आमा पन्ध्र दिनदेखि बिरामी भएर थला परेका कारण लक्ष्मीपूजाको सामान जुटाउन सकिने अवस्था थिएन । यसै कारण लक्ष्मीपूजाका दिन सबैतिर रमाइलो भइरहेको भए पनि आफ्ना घरमा सुनसान र अन्धकारले छाएको कारण लाल र उनकी आमा खुसी भएनन् ।

(ग) **लक्ष्मीपूजाका दिन बजारमा के कस्तो चहपहल थियो ?**

उत्तर: लक्ष्मीपूजाका दिन बजारमा खुबै चहलपहल थियो । सामान किन्नेहरू सामान किनेर ओहोरदोहोर गरिरहेका थिए । सहरमा जुवा मच्चिन लागेको थियो । पैसाको छन्छन् र "मारा, मारा" को आवाजले सहरलाई ढाकेको थियो । कोही खल्तीमा पैसा राखेर लुरुलुरु चुरोट तान्दै छिटो छिटो हिँडिरहेका देखिन्थे त कोही कालो मुख लगाएर खल्ती टकटक्याउँदै लुरुलरु हिँडिरहेका थिए । कहीं लङ्गुरबुर्जाको जमिहेका थिए भने केटाकेटी त्यहाँ झुम्मिरहेका देखिन्थे । घर घरमा बत्तीको उज्यालोले ढाकेको थियो । घरका हरेक झ्यालमा दुई दुई ओटा बत्ती बालिएका थिए । सबै घरमा बत्ती बालेका कारण उज्याला देखिन्थे । गल्ली र मूल सडक पनि उज्याला देखिन्थे । घर घरमा घण्टीको आवाज आइरहेको थियो र पूजा सुरु भएको थियो । केटाकेटीहरू आफ्ना मूल ढोकामा लट्ठी लिएर पालचामा बलिरहेको दीपको रक्षा गरिरहेका थिए । यसरी लक्ष्मीपूजाका दिन बजारमा खुबै चहलमहल थियो ।

puspas.com.np

**(घ) लक्ष्मीपूजाका लागि चाहिने सामानहरू के-के हुन् ?**

**उत्तर:** लक्ष्मीपूजाका लागि चाहिने सामानहरू धूप, दिप, मिठाई, फुल, माला, अगरबती, अबिर, पैसा आदि हुन् । यी सामग्रीहरू जुटाएर लक्ष्मीपूजा भव्य रूपमा गर्न सकिन्छ ।

**(ङ) लालले कसरी लक्ष्मीपूजा सम्पन्न गऱ्यो ?**

**उत्तर:** लालले सबैका घरमा लक्ष्मीपूजा धुमधामसँग मनाएको देख्यो । आफ्नो घरमा लक्ष्मीपूजाको कुनै सुरसार थिएन । पुलिस दाइले सामान ल्याएर आउँछन् र लक्ष्मीपूजा गरौँला भन्ने आमाको आश्वासन पनि खेर गएपछि लाल असाध्यै पिरोलियो । उसलाई हुनसम्म नमिठो लाग्यो । उसले चोरी गएर ल्याएर भए पनि लक्ष्मीपूजा गरेरै छाड्ने निधो गऱ्यो । उसले सामानहरू चोरेर भाग्दै कोठामा आई सर्वप्रथम एउटा पाला बाल्यो । उसले दुई ओटा पाला चोरेर ल्याएको थियो । उसले चोरेर ल्याएको दुइटा पेडा, एउटा लड्डु र अबिर तथा फुलले लक्ष्मीको पूजा गऱ्यो । लालले जानीनजानी चोरेर ल्याएका सामानले लक्ष्मीपूजा सम्पन्न गऱ्यो ।

**१४. लक्ष्मीपूजा कथामा बालमनोविज्ञानको प्रयोग के कसरी भएको छ, विवेचना गर्नुहोस् ।**

**उत्तर:** गोविन्दबहादुर मल्ल 'गोठाले' आधुनिक नेपाली कथा साहित्यका एक चर्चित प्रतिभा हुन् । उनी सामाजिक यथार्थवादमा आधारित मनोवैज्ञानिक कथा लेख्ने कथाकार हुन् । उनको 'लक्ष्मीपूजा' बाल मनोविज्ञान प्रयोग भएको सफल कथा हो । काठमाडौँको निम्न वर्गीय पारिवारिक जीवनसँग सम्बन्धित यस कथामा बालकहरूका सरल भावनालाई अभिव्यक्त गरिएको छ ।

काठमाडौँको कुनै टोलमा तिहारको रमझम सुरु भएको छ । त्यस टोलको एउटा गरिब परिवारमा बिरामी आमा र बालक छोरो लालमात्र छन् । तिहारको सामान बोकेर आउने-जानेको ताँती छुट्छ, सबैतिर रमाइलो तिहार आएको छ । तर ती आमाछोराको घरमा आर्थिक दुरवस्था र गरिबीको जालोले ढाकेको छ । साहू महाजनको सेवा नगरी दैनिक गुजारा चलाउन नसक्ने आमाछोराको घरको आर्थिक अवस्था ज्यादै नै नाजुक छ । त्यसमा पनि आमा १५ दिनदेखि बिरामी परेर सुतेकी छ । लक्ष्मीपूजाको दिन छर छिमेकका केटाकेटीका आमाबाबुले लक्ष्मीपूजाका लागि सामग्री जुटाउँछन् र लक्ष्मीको पूजा गर्दछन् । चारैतिर यस्तो रमाइलो र उज्यालो छाएको बखतमा बिरामी आमाको छोरो लाल आफ्नो थोत्रो अँध्यारो घरलाई चहकिलो बनाउन उत्साहित भएको प्रसङ्गलाई बडो मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

मूलत: बालकहरूको आफ्नै समाज हुन्छ र उनीहरूको आफ्नै रमाइलो संसार पनि हुन्छ । त्यस्ता बालकहरूमा पनि इच्छा र आकाङ्क्षा लुकेका हुन्छन् । बाल मानसिकतामा सामाजिक सांस्कृतिक बाध्यताले नराम्रो असर पार्न सक्ने र त्यस्ता परम्पराको निरन्तरताका लागि बालकले चोरेर भए पनि सन्तुष्टि प्राप्त गर्ने कुरा देखाउँदै बाल मानसिकताको यथार्थ विश्लेषण यस कथामा गरिएको छ । गरिब, धनी भन्नेजस्ता केही कुरा थाहा नभएका त्यस्ता बालकका इच्छा र आकाङ्क्षा पुरा नहुँदा विकृति उत्पन्न हुन जान्छ भन्ने तथ्यलाई कथाकारले देखाएका छन् । पुलिस दाइले पूजासामग्री ल्याउँछ र लक्ष्मीको पूजा गरौँला भन्ने आमाको आश्वासन पुरा नभएपछि लालले चोरी गरी ल्याएर भए पनि पूजासामग्री जुटाउँछ र लक्ष्मीपूजा गर्दछ । यसरी उसले अपराधी काम गरेर भए पनि आफ्नो इच्छा पूरा गर्दछ । यस घटनाले बालकहरूको इच्छा पुरा गरिदिन नसक्दा त्यसले विकृतिपूर्ण कार्य गर्न सक्छ भन्ने कुरालाई यस कथामा मुख्य रूपमा देखाइएको छ ।

pdspas.com.np

१५. **तलका शब्दको उच्चारण गर्दै तिनलाई अभ्यास पुस्तिका लेख्नुहोस् :**
**अँध्यारो, आँट, आँप, काठमाडौँ, ठाउँ, गाउँ, चाँचरी, सुँगुर, पहुँच**

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले उच्चारण गर्ने र अभ्यास पुस्तिकामा लेख्ने ।

१६. **पाठबाट चन्द्रबिन्दु लागेका १० ओटा शब्द टिप्नुहोस् ।**

उत्तर: साँझ, रुपियाँ, पाँच, भुइँ, जाँतो, भाँडा, साँगुरो, नाइँनास्ति, अँध्यारो, आँखा

१७. **तल 'ऋ' बाट सुरु हुने नेपाली भाषामा प्रचलित शब्दहरू दिइएको छ, शब्दकोश हेरेर शब्द र अर्थको जोडा मिलाई अभ्यास पुस्तिका सार्नुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| ऋक्ष | सोझो, सरल |
| ऋत | तारा |
| ऋजु | सत्य |
| ऋण | दुईदुई महिनाको समय |
| ऋतु | मुनि, तपस्वी |
| ऋषभ | कर्जा, सापट |
| ऋषि | डामेर छोडिएको साँढे |

उत्तर:

| शब्द | अर्थ |
|---|---|
| ऋक्ष | तारा |
| ऋत | सत्य |
| ऋजु | सोझो, सरल |
| ऋण | कर्जा, सापट |
| ऋतु | दुई दुई महिनाको समय |
| ऋषभ | डामेर छोडिएको साँढे |
| ऋषि | मुनि, तपस्वी |

१८. **तलका शब्दलाई अभ्यास पुस्तिकामा सारी शिक्षकलाई देखाउनुहोस् ।**
**ग्याँस, ज्ञात, ग्याङ, ज्ञाता, ज्ञान, ज्ञापन, ग्याइँग्याइँ, ज्ञेय, ग्यारेज, ज्ञानेन्द्रिय**

उत्तर: दिइएका शब्दहरू अभ्यास पुस्तिकामा शुद्धसँग सारी शिक्षकलाई देखाउने ।

१९. **पाठको ९१ औँ अनुच्छेदमा कुन-कुन लेख्य चिह्नहरूको प्रयोग भएका छन् ? यहाँ प्रयोग भएबाहेकका अरू लेख्य चिह्नहरू के-के हुन्, उदाहरणसहित लेख्नुहोस् ।**

उत्तर: पाठको ९१ औँ अनुच्छेद नै छैन ।

२० **तलका बुँदा समेटी गोविन्दबहादुर मल्ल 'गोठाले' को जीवनी लेख्नुहोस् ।**

**नाम :** गोविन्दबहादुर मल्ल 'गोठाले'
**जन्म :** वि.सं. १९७९ असार २६, ओमबहाल, काठमाडौँ
**आमा र बुवा :** आनन्दमाया मल्ल र ऋद्धि बहादुर मल्ल
**शिक्षा :** आई, एस्सी
**कृति :** (क) कथा : कथासङ्ग्रह (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), बार कथा (२०५२)
(ख) उपन्यास : पल्लो घरको झ्याल (२०१६), अपर्णा (२०५३)
(ग) नाटक : भुसको आगो (२०१८), दोष कसैको छैन (२०२७), च्यातिएको पर्दा (२०३९), भोको घर (२०३४)
**पुरस्कार :** त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), वेदनिधि पुरस्कार (२०४७), पहलमानसिंह स्वाँर पुरस्कार (२०५७) आदि
**मृत्यु :** वि.सं. २०६७, मङ्सिर २७ गते

pushpa.com.np

**उत्तर:** गोविन्दबहादुर मल्ल 'गोठाले' आधुनिक नेपाली साहित्यका एक चर्चित प्रतिभा हुन् । वि.सं.१९७९ साल असार २६ गतेका दिन काठमाडौँको ओमबहालमा जन्मेका गोठालेका आमाबुबाको नाम क्रमश : आनन्दमाया मल्ल र ऋद्धिबहादुर मल्ल थियो । यिनले आई एस्सीसम्मको औपचारिक शिक्षा हासिल गरेका थिए । गोठालेले कथा, उपन्यास र नाटकका क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् ।

गोठालेका कथा: कथा सङ्ग्रह (२००६) **कथैकथा** (२०१६), **प्रेम र मृत्यु** (२०३९), **बार कथा** (२०५२) आदि कथा सङ्ग्रहहरू, **पल्लो घरको झ्याल** (२०१६) **अपर्णा** (२०५३), शीर्षकका दुइटा उपन्यास र **भुसको आगो** (२०१८) **दोष कसैको छैन** (२०२७), **च्यातिएको पर्दा** (२०३९), **भोको घर** (२०३४) जस्तो नाट्यकृतिहरू प्रकाशित भएका छन् । सामाजिक, मनोवैज्ञानिक कथा, उपन्यास र नाटक लेख्थे गोठालेले नेपाली साहित्यमा ठुलो योगदान दिएबापत त्रिभुवनप्रज्ञा पुरस्कार (२०४२), वेदनिधि पुरस्कार (२०४७), पहलमानसिंह स्वाँर पुरस्कार (२०५७) जस्ता सम्मान र पुरस्कारबाट सम्मानित र पुरस्कृत गरिएको थियो । यस्ता विशिष्ट प्रतिभाको मृत्यु २०६७ साल मङ्सिर २७ गतेका दिन भएको पाइन्छ ।

## व्याकरण

**१. पदसङ्गति मिलाई तलको अनुच्छेद पुनर्लेखन गनुहोस् :**

**बहिनी बिहानै उठ्छन् । भाइ पनि बिहानै उठ्छिन् । म र दिदी पनि बिहानै उठ्छु । आमा र काकी त अझ बिहानै उठ्छे । हामी बुबा बिहानी भ्रमणमा निस्किसकेकी हुन्छिन् । बेलुका चाँडै सुत्ने र बिहान चाँडै उठ्ने हाम्रो बानी हुनुहुन्छ । हाम्रो यस्तो बानीलाई छिमेकीले सराहना गर्छौं । अचेल छिमेकीहरू पनि हाम्रै बानीको अनुसरण गर्न थालेको छु ।**

**उत्तर:** बहिनी बिहानै उठ्छिन् । भाइ पनि बिहानै उठ्छ । म र दिदी पनि बिहानै उठ्छौँ । आमा र काकी त अझ बिहानै उठ्नुहुन्छ । हामी उठ्दा बुबा बिहानी भ्रमणमा निस्किसकेको हुनुहुन्छ । बेलुका चाँडै सुत्ने र बिहान चाँडै उठ्ने हाम्रो बानी छ । हाम्रो यस्तो बानीलाई छिमेकीले सराहना गर्छन् । अचेल छिमेकीहरू पनि हाम्रै बानीको अनुसरण गर्न थालेका छन् ।

**२. उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) **हामी संयुक्त परिवारमा ..... । (बस्छु, बस्छौँ, बस्छिन्)**
(ख) **रमिला दस कक्षामा .......। (पढ्छन्, पढ्छु, पढ्छिन्)**
(ग) **तोयामा र खियामा तुवाचुङ डाँडामा तान ..... । (बुन्छिन्, बुन्थे, बुन्थ्यो)**
(घ) **म जनकपुर ...... । (जान्छौँ, जान्छ, जान्छु)**
(ङ) **प्रेमसिंह धामी दार्चुलाबाट ...... । (आइन्, आए, आयौ)**
(च) **गुरुले हामीलाई ..... । (पढायो, पढाए, पढाउनुभयो)**

**उत्तर:**
(क) हामी संयुक्त परिवारमा **बस्छौँ** ।
(ख) रमिला दस कक्षामा **पढ्छिन्** ।
(ग) तोयामा र खियामा तुवाचुङ डाँडामा तान **बुन्थे** ।
(घ) म जनकपुर **जान्छु** ।
(ङ) प्रेमसिंह धामी दार्चुलाबाट **आए** ।
(च) गुरुले हामीलाई **पढाउनुभयो** ।

pilspas.com.np



३. कोष्ठकमा दिएइको सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् ।

(क) हाम्रा काका परिश्रमी छन् । (स्त्रीलिङ्ग)

(ख) उनी भोलि घर जान्छिन् । (पुलिङ्ग)

(ग) उनीहरू लुम्बिनी गए । (एकवचन)

(घ) पोखरामा सुन्दर ताल छ । (बहुवचन)

(ङ) म फुल मन पराउँछु । (द्वितीय पुरुष)

(च) तिमी असल छौ । (तृतीय पुरुष)

(छ) उहाँहरू भोलि आउँदै हुनुहुन्छ । (प्रथम पुरुष)

(ज) तँ घर जा । (मध्यम आदरार्थी)

(झ) तिमी आऊ । (उच्च आदरर्थी)

(ञ) तपाईं यहाँ बस्नुहुन्छ । (सामान्य आदरार्थी)

उत्तर: (क) हाम्री काकी परिश्रमी छिन् ।

(ख) उनी भोलि घर जान्छन् ।

(ग) ऊ लुम्बिनी गयो ।

(घ) पोखरामा सुन्दर तालहरू छन् ।

(ङ) तिमी फुल मन पराउँछौ ।

(च) त्यो असल छ ।

(छ) हामीहरू भोलि आउँदै छौं ।

(ज) तिमी घर जाऊ ।

(झ) तपाईं आउनुहोस् ।

(ञ) तिमी यहाँ बस्छौ ।

४. तलका अनुच्छेदहरूमा भाव (अर्थ) का प्रकार र तिनका उदाहरण दिइएको छ । तपाईं पनि यसरी नै हरेक भावको प्रयोग गरी अनुच्छेदहरू बनाउनुहोस् :

(क) सामान्यार्थक

बिदामा तिमी घर जान्छौ । म पनि घर जान्छु । हामी बुबाआमालाई काम सघाउँछौं । भाइ बहिनीलाई पढाउँछौं । आफू पनि पढ्छौ ।

(ख) आज्ञार्थक

बिदामा तिमी घर जाऊ । आमाबुबालाई काम सघाऊ । भाइ बहिनीलाई पढाऔं ।

(ग) इच्छार्थक

बिदामा हामी घर जाऔं । हामी बुबाआमालाई काम सघाऔं । भाई बहिनीलाई पढाऔं ।

(घ) सम्भावनार्थक

बिदामा म घर आउँला । तिमी पनि घर जाऔला । हामी बुबाआमालाई काम सघाऔंला । भाइ बहिनीलाई पढाऔंला ।

(ङ) सङ्केतार्थक

बिदा भयो भने हामी घर जान्छौं । पानी पर्‍यो खेतबारी खन्छौं । साथीहरू पनि गाउँमा आए फुटबल र भलिबल खेलिन्छ , पानी नपरे हुन्थ्यो ।

उत्तर: (क) सामान्यार्थक

म विद्यालयमा पढ्छु । मेरा थुप्रै साथी छन् । मेरो मिल्ने साथीको नाम सुशीला हो । उनी ज्यादै मेहनती छिन् । म पनि मेहनत गर्छु । हामी दुवैलाई गुरुहरूले खुबै माया गर्नुहुन्छ । हाम्रो मेहनत देखेर सबै चकित हुन्छन् ।

puspas.com.np

**(ख) आज्ञार्थक**

तिमी भोलि सहर जाऊ । त्यहाँ गएर कापी, किताब किनेर ल्याऊ । मेरा लागि एउटा कलम ल्याइ देऊ । भोलि सहर जाने कुरा आमाबुबालाई पनि भन ।

**(ग) इच्छार्थक**

तँ भविष्यमा देशको प्रधानमन्त्री भएस् । जनताको मन लगाएर सेवा गरेस् विदेशी सामु सामु लम्पसार नपरेस् । आफ्नो स्वाभिमान जोगाएर राखेस् । देश र जनताको इज्जत र प्रतिष्ठामा विशेष ध्यान दिएस् ।

**(घ) सम्भावनार्थक**

हामी परीक्षामा खुबै मेहनत गरौँला । गुरु र आमाबुबाले भनेको मानौँला । हाम्रो परीक्षा फल पनि राम्रो होला । सबैले बधाई देलान् । परीक्षा राम्रो भएपछि विज्ञान विषय लिएर पढौँला । राम्रो पढेपछि हाम्रो भविष्य सुन्दर बन्ला ।

**(ङ) सङ्केतार्थक**

पानी पऱ्यो भने हामी विद्यालयमै बस्छौँ । हावाहुरी आयो भने कक्षाकोठा बन्द गरेर बस्छौँ । हामीले हल्ला गऱ्यौँ भने शिक्षकले आएर पढ्न अऱ्हाउनु हुन्छ । हामीले पढ्न मानेनौँ भने पनि शिक्षक खासै रिसाउनुहुन्न ।

**५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

**(क) ऊ घर जान्छ । (इच्छार्थक)**
**(ख) म सगरमाथा आरोहण गर्छु । (इच्छार्थक)**
**(ग) तिमी नेपालगन्जमा बस्छौ । आज्ञार्थक)**
**(घ) ऊ स्कुल जान्छ । (सम्भावनार्थक)**
**(ङ) हामी आत्मनिर्भर बन्छौँ । (सङ्केतार्थक)**
**(च) मौसम सफा हुन्छ । (सङ्केतार्थक)**
**(छ) मनमाया आउलिन् । (सामान्यार्थक)**

**उत्तर:** (क) ऊ घर जाओस् ।
(ख) म सगरमाथा आरोहण गरूँ ।
(ग) तिमी नेपालगन्जमा बस ।
(घ) ऊ स्कुल जाला ।
(ङ) हामीले मेहनत गरे आत्मनिर्भर बन्छौँ ।
(च) पानी पऱ्यो भने मौसम सफा हुन्छ ।
(छ) मनमाया आउँछिन् ।

**६. पाठबाट शब्दको सुरुमा दीर्घ ऊकार लागेका शब्दहरू टिप्नुहोस् ।**

**उत्तर:** शब्दका सुरुमा दीर्घ ऊकार लागेका शब्दहरू पूजा, सूचित, ऊ, पूर्ण, फुल (फूल)

**परियोजना कार्य**

**कक्षाका साथीहरूलाई विभिन्न समूहमा विभाजन गरी पाठमा दिइएको कथाका अनुच्छेदहरू बाँड्नुहोस् र आफ्नो समूहमा परेका अनुच्छेदहरूबाट के, किन, कसरी, कति, कहिले, कहाँ जस्ता प्रश्नहरू बनाउनुहोस् । आफ्नो समूहमा परेका अनुच्छेदको सारांश पनि लेख्नुहोस् ।**

**उत्तर:** कक्षाका सबै विद्यार्थीहरूले समूह समूहमा विभाजन गर्ने र कथामा अनुच्छेदहरू बाँडी प्रश्नहरू बनाउने । आफ्नो समूहमा परेका अनुच्छेदको सारांश पनि तयार पार्ने ।

❑❑❑

puspas.com.np

## THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.